प्राकृतिक स्रोत उपयोग वापतको शुल्क निषेधाज्ञा अवधिको कारोवार तथा शुल्कको विवरण बुझाउन नसकेको भए निषेधाज्ञा खुलेको मितिले ३५ दिन भित्र बुझाएमा प्रचलित कानुन बमोजिम लाग्ने ब्याज र जरिवाना बापतको रकम छुट हुनेछ ।

(२) निषेधाज्ञाका कारण आर्थिक वर्ष २०७७/७८ को सवारी साधन कर समयमै दाखिला गर्न नसकेका सवारी साधनको हकमा निषेधाज्ञा खुलेको मितिले ३५ दिन भित्र बुझाएमा प्रचलित कानुन बमोजिम लाग्ने ब्याज र जरिवाना बापतको रकम छुट हुनेछ ।

(३) निषेधाज्ञाका कारण आर्थिक वर्ष २०७७/७८ मा घरेलु तथा साना उद्योग कार्यालयमा नवीकरण हुन नसकेका फर्म तथा उद्योगहरुले निषेधाज्ञा खुलेको मितिले ३५ दिन भित्र नवीकरण गराएमा प्रचलित कानुन बमोजिम लाग्ने जरिवाना बापतको रकम छुट हुनेछ ।

(४) यस ऐन बमोजिम गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्कमा यस दफा बमोजिमको छुट तथा

| | | | |
|---|---|---|---|
| (छ) | ३०१ देखि ३५० कि.मि. सम्म | १,९५०।- | २,३५०।- |
| (ज) | ३५१ देखि ४०० कि.मि. सम्म | २,१००।- | २,४००।- |
| (झ) | ४०१ देखि ४५० कि.मि. सम्म | २,२५०।- | २,५५०।- |
| (ञ) | ४५१ देखि ५०० कि.मि. सम्म | २,५५०।- | २,८५०।- |
| (ट) | ५०१ देखि ५५० कि.मि. सम्म | ३,१५०।- | ३,०००।- |
| (ठ) | ५५१ देखि ६०० कि.मि. सम्म | ३,३००।- | ३,१५०।- |
| (ड) | ६०१ देखि ६५० कि.मि. सम्म | ३,४५०।- | ३,४५०।- |
| (ढ) | ६५१ देखि ७०० कि.मि. सम्म | ३,७५०।- | ३,६००।- |
| (ण) | ७०१ कि.मि. भन्दा माथि | ४,२००।- | ३,९००।- |

प्रदेश सरकार अर्थ मन्त्रालय

१०. <u>बाटो ईजाजत पत्र दस्तुर (नविकरण समेत)</u>

(पाँच सिट भन्दा बढी चौध सिटसम्म क्षमता भएका सार्वजनिक सवारीको लागि)

